*Pragya Darshan 2023, 5(1): 43-47*
*ISSN: 2542-2634 (print)*

*© DEPAN, TU, University*
*Research Article*

# साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोणमा पाठकीय प्रतिक्रिया

दीपकप्रसाद ढकाल
नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर ।
ईमेलः deepakdhakal973@gmail.com

**लेखसार**

प्रस्तुत लेख साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोणमा पाठकीय प्रतिक्रिया शीर्षकमा केन्द्रित छ । कथासङ्ग्रहमा पाठकका प्रतिक्रियालाई अंश स्वरूप दिइएकाले पाठकीय प्रतिक्रियालाई नै विश्लेषणको कोण बनाइएको हो । लेखका निम्ति प्राथमिक र द्वितीयक सामग्रीको स्रोत पुस्तकालय हो । सामग्रीलाई निगमनात्मक तथा आगमनात्मक विधि क्रमिक रूपले प्रयोग गरी विश्लेषण गरिएको छ । ध्रुवचन्द्र गौतमका कथामा विसङ्गत जीवनलाई चित्रण गर्ने अभीष्ट राखिएको हुन्छ । यस्तो विसङ्गति प्रस्तुतिमा श्यामव्यङ्ग्यलाई प्रभावोत्पादक तन्तुका रूपमा प्रयोग गरिएको छ । मानिसका दैनन्दिन भोगाइ, अनुभूति र परिवेशबाट आख्यान तत्त्व टिपेर सकारात्मक दिशाउन्मुख गराउन सम्बद्ध निकायलाई शिष्ट घोचपेच गर्नु गौतमको मुख्य प्रवृत्ति हो । यस प्रवृत्तिलाई प्रस्तुत कथासङ्ग्रहमा सामाविष्ट बाह्जना पाठकले केन्द्रीय आर्थी एकाइ पहिचान गरेका छन् । आर्थी पुनर्निर्माणका क्रममा पाठकहरू निर्माणात्मक र विनिर्माणात्मक कोणबाट प्रवेश गरेका छन् । दुवै कोणको प्रयोगबाट गौतम जीवनका यथार्थ परिवेशलाई स्वैरकल्पनाको आंशिक प्रयोग गरी श्यामव्यङ्ग्य चोटिलो रूपमा प्रस्तुत गर्ने कथाकार ठहर भएका छ ।

**शब्दकुञ्जी**

पाठकीय प्रतिक्रिया, श्यामव्यङ्ग्य, निर्माणात्मक, विनिर्माणात्मक, शब्दकेन्द्रवाद ।

## वषय परिचय

ध्रुवचन्द्र गौतम (२०००) नेपाली आख्यान विधाका विशिष्ट प्रतिभा हुन् । अँध्यारो द्वीपमा (२०३५) कथासङ्ग्रहको प्रकाशनबाट थालनी भएको यिनको कथालेखन यात्रा अद्यपि निरन्तर छ । यिनी अन्त्यपछि (२०२४)को प्रकाशनबाट आख्यानको विस्तारित स्वरूप (उपन्यास) लेखनमा स्थापित देखिन्छन् । नाटक (पूर्णाङ्की र एकाङ्की) विधामा त्यो एउटा कुरा (२०३०, पूर्णाङ्की) र समानान्तर (२०४०, मञ्चित, एकाङ्की)को प्रकाशन ऐतिहासिक मानिन्छ । मदन पुरस्कारद्वारा पुरस्कृत प्रतिभा गौतम नेपाली साहित्यमा यथार्थ विषयवस्तुलाई गहिरो पीडा दिने गरी श्यामव्यङ्ग्यको कला भर्न सफल स्रष्टा हुन् । विसङ्गत जीवन र त्यसका प्रभावलाई समसामयिक कलेवरमा ढालेर चखिलो स्वरूप दिनु नै यिनको मौलिक प्रवृत्ति हो ।

साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण (२०६०) नेपाली कथासङ्ग्रहको सम्पादन र प्रकाशन परम्परामा नौलो प्रयोग हो । कथा सिर्जनामाथि विशिष्ट समालोचकले आफ्नो पाठकीय प्रतिक्रिया दिएका र सङ्ग्रहमा नै समाविष्ट गरिएकाले यो नौलो प्रयोग हो । कुल बाह्ओटा सिर्जनामा बाह्रैजना पाठक आफ्नो प्रतिक्रियासहित यसमा समाविष्ट छन् । पाठकीय प्रतिक्रियाका पनि निर्माणात्मक र विनिर्माणात्मक स्वरूप प्राप्त छन् । प्रस्तुत लेखमा यी दुवै प्रकारका पाठकीय प्रतिक्रियाको प्रकृति र पाठले छोडेका प्रभाव शेष प्रस्तुत गर्नमा तिनले खेलेका भूमिका विश्लेषण गरिएको छ । गौतमका कथामा विनिर्माण, उत्तरआधुनिकता आदि कोणबाट आंशिक अध्ययन भएका छन् तर यस कथासङ्ग्रहमा केन्द्रित भई विशिष्ट अध्ययन भएको छैन । शोध्य विषयको यही रिक्त क्षेत्र पहिचान गरी प्रस्तुत लेख तयार गरिएको हो ।

## अध्ययनको विधि

प्रस्तुत लेखको शीर्षक सोद्देश्य रूपले छनोट गरिएको हो । पाठ (कथासङ्ग्रह)मा पाठकीय प्रतिक्रियासमेत संश्लिष्ट गरिएकाले पाठकीय प्रतिक्रिया नै प्रस्तुत लेखको शोध्य समस्या हो । पुस्तकालय कार्य यस लेखमा सामग्रीको स्रोत हो र यसै आधारमा प्राथमिक तथा द्वितीयक सामग्री निर्धारण गरिएको छ । विश्लेषणको सैद्धान्तिक पर्याधार निर्माणका निम्ति एम्.एच् अब्राम्स र जोफ्री गाल्टको अ ग्लोसरी अफ लिटरेरी टर्म्स (सन् २०१५) र कृष्ण गौतमको उत्तरसिद्धान्त (२०७१) लाई प्रयोग गरिएको छ । यस लेखमा साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण प्राथमिक सामग्री हो भने यस सङ्ग्रहमा समाविष्ट पाठकीय प्रतिक्रिया, विश्लेषणको सैद्धान्तिक आधार निर्माणका सामग्री द्वितीयक हुन् । विश्लेषणलाई आरम्भमा सैद्धान्तिक आधार र पाठगत साक्ष्यको क्रममा प्रस्तुत गरिएको छ । त्यसैले आरम्भमा निमनात्मक र सामान्यीकरण गरी निष्कर्षमा पुग्न आगमनात्मक विधि प्रयोग गरिएको छ ।

## सैद्धान्तिक आधार

पाठकीय प्रतिक्रिया सिद्धान्त अर्थको सार्वकालिक तथा सार्वभौम विशेषता हुन्छ भन्ने परम्परागत संरचनावादी मान्यताको पुनर्व्याख्या हो । परम्परागत रूपमा कुनै पनि सिर्जना त्यसका निश्चित अर्थगत मान, त्यस्ता मानले पार्ने प्रभाव र त्यसको कालजयी निरन्तरतामा आधारित थियो । यसैलाई एरिस्टोटल, रुसो, फर्डिनान्ड डि ससुर जस्ता ऐतिहासिक चिन्तक र व्याख्याताले सिर्जना, भाषिक सङ्केत आदिमा महनीय रूपले प्रस्तुत गरेका हुन् । पाश्चात्य साहित्य समालोचनाको क्षेत्रमा सन् १९६० पछि पाठकीय प्रतिक्रिया सिद्धान्तले पाठ र अर्थका बिचको कालजयी सम्बन्ध हुन्छ भन्ने मान्यतालाई पुनर्व्याख्या गरेर पाठ अर्थ प्रकाशनको खुला प्रवेश विन्दु मान्यो (अब्राम्स र हार्फम, सन् २०१५, पृ.३३०) । यस पूर्व कुनै पनि पाठ अर्थको व्यवस्थित निर्मिति हो । यस्ता अर्थलाई पाठमा पाठकको आँखा पर्दा बित्तिकै पर्गेल्छ र मस्तिष्कको पुनर्निमाणात्मक गतिलाई रोक्छ तथा बनिबनाउ अर्थको केन्द्रमा खिचेर राख्छ भन्ने मान्यता थियो । यस्तो परम्परावादी उपस्थितिको अध्यात्मवाद र प्रजातिकेन्द्रवाद (एथ्नोसेन्ट्रिजम)को विपर्यासमा विनिर्माण तथा पाठकीय प्रतिक्रिया सिद्धान्तले सैद्धान्तिक एवं दार्शनिक पृष्ठभूमि प्राप्त गरेको देखिन्छ (गौतम, २०७१, पृ.९९) । प्रत्येक पाठ लेखकीय केन्द्र (वक्ता) सापेक्ष रूपले विश्लेषणीय हुने विषय हो भन्ने ध्रुवीयतालाई परिमार्जन गरी बहुल अर्थ, बहुल केन्द्र र बहुल चिन्तनको ढोका खोल्ने अभियान सन् सत्तरीको दशकले विकास गरेको समालोचकीय मान्यता हो । आधुनिक भाषाविज्ञानका प्रवर्तक फर्डिनान्ड डि सुरका मान्यता सन् १९१३ (व्याख्यान)मा सर्वप्रथम प्रकाशनमा आएपछि शब्द र अर्थका निरन्तर, स्थायी तथा भिन्नताको प्रणालीका रूपलाई स्थापित गरियो । संरचनावादले यसै शब्दकेन्द्रवादी चिन्तनलाई अर्थ विश्लेषणको एकात्मक धारमा विकसित गरेको हो । कुनै पनि पाठका अर्थ निर्धारित हुन्छन् । लेखकले प्रस्ताव गरेका अर्थ नै पाठकले स्विकार्नु पर्ने सर्वमान्य मान्यता हुन्छ । अर्थ निर्णयको सर्वाधिकारी केन्द्र लेखक हो भन्ने वाक्केन्द्री, वक्ताअधीनस्थ, एकात्मक प्रणाली जस्ता सन्दर्भले समालोचनामा एकछत्र प्रभाव पारेको देखिन्छ । संरचनावादले प्रस्ताव गरेको भेद व्यवस्थाको प्रणालीले भाषिक सङ्केतले अर्थलाई अविच्छेद्य रूपमा टाँसेर नियमित गरेको हुन्छ भन्ने अर्थचिन्तनको एकात्मकतालाई सँस्थागत गर्यो (गौतम, २०७१, पृ.१००) । शब्द, वाक्य र पाठका निर्धारित अर्थ, एकात्मक व्याख्या, परम्परागत अनुभव, सार्वकालिक तथा सार्वस्थानिक आर्थी संरचना कायम हुन्छन् भन्नकेन्द्राभिमुखी चिन्तन नै संरचनावादीको आधार बन्यो । त्यसैले पाठ सार्विक निर्मिति, निश्चित स्वरूप, निर्विकल्प युक्ति व्यवस्था हो भन्नेमा सहमत भएको संस्थागत अभ्यास भएको हो ।

पाठकीय प्रतिक्रिया सिद्धान्त पाठको बन्द व्यवस्था (क्लोज सिस्टम)को विपरीत मान्यता हो । पाठका निर्धारित अर्थ र तिनका अविचलित निरन्तरताबाट मात्र अर्थिने अभ्यास स्वीकार गर्ने पद्धतिको प्रतिवाद पाठकीय प्रतिक्रिया हो । पाठमा आएका भाषिक सङ्केत अर्थको अविच्छेद्य जोडाइ नभई अनुपस्थितिको समष्टि हो भन्ने खुला पाठ (ओपन टेक्स्ट)को मत हो (एटम, २०६१, पृ.८५) । कुनै पाठको अर्थ यकिन गर्नु, विश्लेषणका शृङ्खला निर्माण गर्नु, पाठीय अर्थको निर्मिति (संरचना)का आधारमा विधा निर्धारण गर्नु, सङ्केत व्यवस्थाले निर्दिष्ट गरेका 'पारलौकिक (मेटाफिजिक्स) (एटम, २०६१, पृ.८५)'को समष्टिबाट पाठकमा प्रभाव छोड्नु भनेको अनुपस्थितिको सापेक्ष प्रभाव (ट्रेस) हो । यसै आधारमा कुनै पनि पाठ आख्यान, गैरआख्यानका विविध रूप, नाटक, सूचना र सञ्चार प्रयोजनले प्रकाशित गरिएका छापा अवस्था तयार भएका हुन्छन् । समालोचनालाई बोध गर्ने अन्य विधाको गुणको अनुपस्थिति पनि सँगसँगै लिएर पाठकले छापा स्वरूपलाई दिने स्थान विशेषको प्रक्रिया तय भएको हुन्छ । पाठकीय प्रतिक्रियामा यी सबै नियमित र सार्विक चरलाई पाठकले आफ्नो पराभौतिकी र सङ्केत व्यवस्थाको विकल्प प्रयोग गर्न छुटको स्थितिमा रहन्छ । त्यसैले शब्दकेन्द्रवाद, वाक्केन्द्रवाद र उपस्थितिको आध्यात्मिक सत्ता केन्द्री चिन्तनको खण्डन र अनुपस्थिति (ट्रेस)को परोक्ष प्रभावको अवस्था नै पाठकीय प्रतिक्रिया हो (गौतम, २०७१, पृ.१००) । प्रभाव (ट्रेस)को बाहुल्य, त्यस्तो बाहुल्यले उत्पन्न गरेको अनुपस्थितिको आकार, त्यस्तो आकारको व्यक्ति सापेक्ष स्वभाव, व्यक्ति सापेक्ष स्वभाव निर्माणका निर्धारक (जाति, संस्कृति, पेसा, शैक्षिक स्तर, उमेरगत स्वभाव, वंशाणु प्रभाव, पर्यावरणीय दिक् तथा काल, जैवरासायनिक द्रवको उत्पादन, द्रवले मस्तिष्कमा पठाएको जैवरासायनिक सन्देश प्रणाली आदि)मा अडिएर

गरिने पाठमाथिको अन्तरक्रिया नै पाठकीय प्रतिक्रिया हो । पाठक मस्तिष्कमा विकसित संवेग तरङ्ग (स्टिमुलस)को गतिमा रहेको हुन्छ । पाठमाथि कुनै पाठकले बनाएको प्रतिक्रिया वा धारणा त्यही संवेग तरङ्ग (स्टिमुलस)को परिणाम हो । साहित्यिक सिर्जना पाठ हो र त्यस्तो पाठमा पाठकले गर्ने अन्तरक्रिया मस्तिष्कमा केही सेकेन्ड पहिला, केही मिनेट पहिला, केही घन्टा पहिला, केही दिन पहिला, केही महिना पहिला, केही वर्ष पहिला र केही दशक पहिलाका क्रमले गतिवान् रहन्छन् ( सापकोटा, २०७९, पृ.क) । त्यही गतिवान् संवेग तरङ्ग नै पाठले छोडेका प्रभाव शेष हुन् । त्यसैले कुनै पाठको अर्थ भनेको पाठकले त्यसमा पुरण गरेको प्रभाव शेष (ट्रेस)को समष्टि हो । पाठकीय प्रतिक्रिया सिद्धान्तले प्रस्तुत गरेको यस्तो अनुपस्थितिको कोणबाट गरिने आर्थी निर्मितिको प्रक्रियालाई समीकरणमा यसप्रकार प्रस्तुत गर्न सकिन्छः

$M=f ð ∞$ (१)

$T=Σð∞$ (२)

चिह्न सङ्केत

M= अर्थ (Meaning)

*f*= समष्टि (Integration)

ð= परिवर्तित मूल्य (Changing Value)

∞= अनन्त (Infinitive)

T= पाठ (Text)

Σ= कुल योगावस्था (Semation)

माथिका दुई समीकरणमध्ये (१)ले अर्थको निर्मितिलाई सूत्रबद्ध गरेको छ । त्यसैगरी समीकरण (२)ले पाठको निर्मितिलाई समीकरणबद्ध गरेको छ । कुनै पनि पाठको अर्थ भनेको पाठकको तहमा रहेको परिवर्तित मूल्य र त्यस्तो मूल्यको अनन्तताबाट प्राप्त भएको समष्टि हो । पाठकमा निहित मूल्यका अनन्त प्रकार हुने भएकाले त्यस्ता मूल्यको सङ्ख्या पनि यकिन हुदैन । त्यसैले पाठकमा निहित परिवर्तित मूल्य र त्यस्तो मूल्यको अनन्तता कुनै पाठको अर्थ हो । त्यसैगरी समीकरण दुईमा पाठकमा रहेको परिवर्तित मूल्य, त्यस्तो मूल्यको अनन्तताको कुल योगावस्था वा जोड पाठ हो । लेखक पनि पाठक हो र उसमा पनि अनन्त पाठले सिर्जना गरेका ट्रेसको प्रभाव शेष रहेको हुन्छ । यसै प्रभाव शेषलाई सङ्केत व्यवस्थाका आधारमा प्रस्तुत गरेपछिको अवस्था नै पाठ हो ।

पाठकमा रहेको प्रभाव शेषका सन्दर्भमा लौकिक संस्कृतका वाङ्मयदेखि उत्तरआधुनिक चिन्तनसम्मले व्याख्या गरेको देखिन्छ । गीताले बुद्धिका प्रकार उल्लेख गरी कस्तो अवस्थामा स्थितप्रज्ञ हुन्छ र समाधिको अवस्थामा मानव कसरी पुग्छ भन्ने चिन्तन प्रस्तुत गरेको छ । दुःखमा अनुद्विग्न नहुने, सुखका अवस्थामा निस्पृह रहने, भय, क्रोध जस्ता मानवीय संवेदनाका अवस्थामा वितराग हुने नै स्थितिप्रज्ञ हुन्छ (गीता, सन् २००१, पृ.५५) । मानवका हरेक चेतन प्रक्रिया फरक मानमा गतिशील हुन्छन् । अनुपस्थितको वाहुल्य, प्रभाव शेषको केन्द्रीयता, पाठकमा हुने अनिर्धारणको खुला स्वभावमा गीता दर्शनलाई जोड्न सकिन्छ । त्यसैले कुनै पनि पाठको अन्तिम र निर्विकल्प अर्थ हुँदैन भन्ने विनिर्माणवादी चिन्तनको बीज रूप गीता दर्शनमा पनि प्राप्त हुन्छ । प्रभाव शेषलाई विश्लेषण गर्ने मनोविश्लेषणवादीको व्याख्याले पनि यसैको परोक्ष विमर्श गरेको देखिन्छ । कुनै पाठको अर्थ निरूपणमा व्यक्तिमा रहेको आत्मा, बुद्धि, मन र इन्द्रियको सूक्ष्मताबाट स्थूलता केन्द्रित चिन्तनले काम गरेको हुन्छ । यी क्रमशः सूक्ष्मतमबाट स्थूल शरीर रूपमा प्रस्तुत हुन्छन् ( रेग्मी, २०५३, पृ.११) । पाठको अध्यात्मवादी, प्रजातिकेन्द्रवादी पठनको विकल्पमा अनन्त अर्थ निष्पन्न हुन्छन् भन्ने विनिर्माणवादी चिन्तनका पछाडि पूर्वीय अध्यात्मवादी चिन्तनले पनि खुला सम्भावना र अनन्त विकल्प बचाएको पुष्टि हुन्छ । उत्तरआधुनिकताले पाठकीय प्रतिक्रिया सिद्धान्तलाई आत्मसात् गर्ने क्रममा अर्थका बहुलता हुन्छन्, सङ्केतले सङ्केतन गरेका आर्थी मान स्थिर रहन्नन् किनभने हरेक सत्य एकात्मक नभएर बहुल तथा सार्विक नभएर स्थानीय हुन्छन् (उप्रेती, २०७८, पृ.७१) । यसै आधारमा प्रत्येक नागरिक, प्रत्येकका विचार, प्रत्येकका उपस्थिति र स्थानलाई महत्त्व दिएर केन्द्रभञ्जन भएको बहुकेन्द्र स्थान भएको मान्यता सङ्कथनका हरेक क्षेत्रमा विकसित भएको हो । पाठकीय प्रतिक्रिया पनि निर्माणात्मक र विनिर्माणात्मक गरी प्रस्तुत हुन्छ । पाठमा रहेको अर्थको केन्द्रीय सत्तालाई निरन्तरता दिने हेतुले गरिने अर्थ विमर्श निर्माणात्मक हो । पाठकीय प्रतिक्रियाको यस्तो प्रक्रियामा पाठका अर्थलाई सार्विक, निश्चयात्मक र निर्दिष्ट रूपले प्रस्तुत गर्ने हेतु रूप रहेको हुन्छ तर यसका विपरीत विनिर्माणात्मकले पाठकले लेखनको केन्द्रलाई प्राथमिकतामा राखेर हरेक पटकको पठनमा तथा हरेक पाठकको पठनमा पुनर्निर्माणात्मक प्रयोजन राखिएको हुन्छ । यसले पाठका अर्थ अनन्त हुन्छन् भन्ने मान्यता राखेको हुन्छ (गौतम, २०७१, पृ.१०२) । पठनका प्रक्रियाले अर्थका बहुल स्वरूपलाई खोल्ने भए तापनि मूलको सजातीय आशयमा फेरो लगाउने हेतु भएको अवस्था निर्माणात्मक हो । पाठक सिर्जनात्मक रूपले पाठमा प्रवेश गरेको अवस्था भए तापनि यसले अर्थको निश्चयात्मक केन्द्रमा अभूतपूर्व फड्को मार्ने आट गरेको हुन्छ तर विनिर्माणात्मकले पाठमा अपेक्षा नै नभएको पक्ष, दृष्टि र बुझाइको सिर्जनात्मक कोणलाई हेतु रूपमा प्रयोग गरेको हुन्छ । त्यसैले पाठमा अनपेक्षित ठानिएको अर्थलाई पनि वहुविकल्पको प्रयोग गरेर प्रभाव शेषमा प्रस्तुत गर्नु विनिर्माणात्मक पाठकीय प्रतिक्रिया हो ।

पाठको अर्थ निर्धारित, निश्चित र लेखकले प्रस्ताव गरको केन्द्रकै परिधिमा संश्लिष्ट हुन्छन् भन्ने एकात्मक चिन्तन संरचनावादी मान्यता हो । यसमा अर्थको सार्विक र प्रजातिकेन्द्रवादी तथा आध्यात्मवादी मान्यता राखिएको हुन्छ । पाठकीय प्रतिक्रिया अनिर्धारित, अनिश्चित र स्थानीय अर्थको बाहुल्यलाई प्रथमिकता दिने चिन्तन हो । यसमा पाठमा अनुपस्थितिको उपस्थिति र बोधनको प्रक्रिया खुला हुने चिन्तनलाई केन्द्रीय स्थान दिइन्छ । पाठकीय प्रतिक्रिया

साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण सङ्गहमा कथाकार ध्रुवचन्द्र गौतमका बाहओटा रचना प्रकाशित छन् । ध्रुवचन्द्रको कथाशिल्पको केन्द्रमा रहेको श्यामव्यङ्ग्य निरन्तर रूपमा रहेको भए तापनि यस सङ्ग्रहमा विशिष्ट कथालाई विशिष्ट पाठकले पाठकीय प्रतिक्रियाका कोणबाट विमर्श गरेको देखिन्छ । नेपाली साहित्यको सिर्जना र समालोचना विधाका स्थापित स्रष्टा, समालोचक यस सङ्ग्रहमा पाठकका रूपमा रहेका छन् । ती पाठकले प्रस्तुत गरेका प्रतिक्रिया पनि कथासङ्ग्रहको अङ्ग बनेर पहिला कथा अनि त्यसका बारेमा प्राप्त पाठकीय प्रतिक्रिया समाविष्ट गरिएको छ । त्यसैले प्रस्तुत लेखमा कथाका बारेमा प्राप्त पाठकीय प्रतिक्रिया र त्यस्तो प्रतिक्रियाको प्रकृति निर्माणात्मक वा विनिर्माणात्मक कुन धारको हो भनी विश्लेषण गरिएको छ ।

**निर्माणात्मक प्रतिक्रिया**

प्रस्तुत कथासङ्ग्रमा सङ्गृहीतमध्ये 'साठी वर्षमा हृदयाघात', 'मुक्ति', 'उक्लेको', 'बाँस', 'दुर्घटनामा न्याय', र 'निरङ्कुश' शीर्षक कथामा गरिएका पाठकीय प्रतिक्रिया निर्माणात्मक देखिन्छन् । कथाकारले प्रस्तुत गरेको अर्थलाई अनिवार्य र निश्चयात्मक रूपले केन्द्रमा राखेर विमर्श गर्ने हेतुले पाठकीय प्रतिक्रिया प्रस्तुत भएको देखिन्छ । उपर्युक्त कथाका पाठकहरू क्रमशः गणेशबहादुर प्रसाईं, सनत रेग्मी, ध्रुव सापकोटा, खगेन्द्रप्रसाद लुइटेल, युमा र किशन थापा 'अधीर' ध्रुवचन्द्र गौतमले प्रस्तुत गरेको पाठीय सङ्केतन र तिनका समष्टिका केन्द्रीयतामा निर्भर अर्थ विमर्शमा अडिएका छन् ।

नेपाली समाजका वृद्धावस्थाको दयनीय एवं कारुणिक संवेदनालाई सूक्ष्म रूपले 'साठी वर्षमा हृदयाघात'ले प्रस्तुत गरेको छ । साठी वर्षे उमेरमा परिवार भरिभराउ भएको अनुभवले एकातिर सुखद स्थिति छ भने अर्कातिर खर्चको जोहो गर्न नसकेर अनि आफ्ना वृद्धकालीन रहर थाती राखेर कुण्ठित बन्नु परेको अवस्था देखिन्छ । काठमाडौंको सहरी सम्पन्न दिक् तथा कालमा चरित्रलाई प्रस्तुत गरी उपचारमा लागेको खर्च तिर्न सम्पन्न सन्तान नआएका र बिरामी समाख्याता सहभागी 'म' पुनः हृदयाघातको सिकार भई धर्तीबाटै विदा हुन चाहेको अपेक्षा व्यक्त गर्छ ।

मैले भनेँ-"मेरा छोराहरू आएका छैनन् कसो गरुँ ?"

-"तपाईं के चाहनुहुन्छ ?"

-"म ? म त चाहन्छु, यी बिलहरू फर्काइदिनुहोस् र मलाई हृदयाघात नै फर्काइदिनुस् (पृ.८)"

सहरी सम्पन्न परिवारको एक वृद्धले जीवनप्रति आजित भएर व्यक्त गरेको यति कठोर र कारुणिक अभिव्यक्ति आजका जेष्ठ नागरिकले बाँचेको यथार्थ हो । सारा जीवन सन्तान र तिनको स्वावलम्बी जीवनका विषयमा कल्पना गरेर बाँच्ने र अन्त्यमा तिनले समाजमा आर्थिक तथा सामाजिक प्रतिष्ठा प्राप्त गरेपछि भने उपेक्षाको दुर्दान्त नियति भोग्नु परेको अर्थलाई निर्माणात्मक रूपले पाठकीय प्रतिक्रियामा प्रस्तुत गरिएको छ (प्रसाईं, २०६१, पृ.१३) । ध्रुवचन्द्रको मौलिक परिचय श्यामव्यङ्ग्यको स्वाभाविक प्रयोग गरेर खुला अन्त्यमा छोड्नु पनि हो । वृद्धलाई छोराको घरको गेट अगाडि चिसो ढुङ्गामा रात बिताउन लगाई उसका भोलिका दिन कस्ता होलान् र छोराहरू तिनको हृदयाघाती शरीरको जिम्मेवारी उठाउने विषयमा कस्तो बहस गर्लान्मा छोडिएको छ । यस्तो खुला अन्त्य र वृद्धको मनोविज्ञान आजका सम्पन्न सहरियाको यथार्थ हो ।

नेपाली समाजमा राजनीतिक कोपभाजनको दुर्नियति भोग्नु पर्दाको पीडालाई 'मुक्ति' कथामा पाठक सनत रेग्मीले निर्माणात्मक प्रतिक्रियाबाट प्रस्तुत गरेको देखिन्छ । प्रजातन्त्रले नागरिकलाई अभाव, गरिबी, असुरक्षा, विभेद, शोषण, महङ्गी, वितृष्णा

प्रशस्त दिएको र यही लाभले नागरिक आफूले लडेर प्राप्त गरेको व्यवस्थाबाट अघोर सन्तुष्ट रहेको श्यामव्यङ्ग्यलाई निर्माणात्मक रूपले रेग्मीको पाठकीय प्रतिक्रियामा प्राप्त हुन्छ । त्यसैले रेग्मी 'गौतमले प्रजातन्त्रपछि आर्थिक उदारवाद र उपभोक्तावादी संस्कृतिले आम नेपाली नागरिकलाई कसरी गाँजेको छ र त्यसले नेपाली समाजको मौलिकता कसरी समाप्त हुँदै छ भन्ने कुरालाई प्रतीकात्मक ढङ्गले प्रस्तुत गरेका छन्' भनी पाठको निश्चयात्मक अर्थ केन्द्र प्रस्तुत गर्छन् (रेग्मी, २०६१, पृ.३६) । कथा नायकलाई गुणनमा उन्नाइसको भागफल अति कठिन र वाकवाकी लाग्ने जटिलता भएको छ । प्रतीकात्मक रूपले नेपालको राजनीतिक परिवर्तनमा २०५९ माघ १९ले सिर्जना गरेको राजाको प्रत्यक्ष शासन तथा त्यसको प्रशस्ती गायन गर्ने भजन मण्डली बन्न नसेकेर पीडा भोग्नु परेको निश्चयात्मक अर्थ केन्द्र पनि प्राप्त भएको छ ।

ओछ्यानमा स्वास्नी छैन । आकाशमा सूर्य छैन । बोरामा चामल छैन । स्टोभमा मट्टीतेल छैन । सहरमा मान्छे छैन । मान्छेमा केही पनि छैन । पसलमा महङ्गी छैन । फुलमा चल्ला छैन । चल्लामा पखेटा छैन । पूर्णिमामा चन्द्रमा छैन । केवल देशमा प्रजातन्त्र छ (पृ.३४) ।

देशमा प्रजातन्त्र त आयो तर कसका निम्ति र त्यसको लाभग्राही को हो भन्ने नै आशङ्काको विषय भएको छ । विसङ्गत जीवन र श्यामव्यङ्ग्यको कलात्मक प्रयोगले यस कथाको निर्माणात्मक पाठकीय प्रतिक्रिया तयार भएको देखिन्छ ।

नेपालमा राजनीतिक परिवर्तनका लाभ र व्यवसायमुखी कार्यशैली संस्थागत हुँदै गएको अवस्थालाई 'उक्लेको' कथाले केन्द्रीय अर्थ बनाएको छ । अति समान्य आर्थिक अवस्था भएको व्यक्ति गाउँमा मागेर जीविकोपर्जनको अवस्थामा रहेको तर राजनीतिक योगदान र त्यागको बिकाउ लोगो भिरेर सहर छिरेपछि मन्त्री भएको घटना सन्दर्भ यस कथाको कथ्य हो । रिन मागेर काठमाडौं छिरेको, गाउँमा भ्रमको खेती गरेर आसे सम्पन्नतामा बाँचेका साथीलाई सहर पसेपछि टेकेको खुड्किलो जति पनि नमानेको उपेक्षित व्यवहार यस कथामा छ । श्यामबहादुर मन्त्री बन्नुपूर्वको अवस्था र श्यामबहादुरले जगाएका आशालाई पाठकीय प्रतिक्रियाका रूपमा ध्रुव सापकोटाले प्रस्तुत गरेका छन् । श्यामबहादुर विगतमा मागेर खान्थ्यो, शनिवारे मिष्ठान्न भोजनको आशाले अनेक सपना गाउँमा बाँड्थ्यो, आज श्याबहादुर मन्त्री भयो, परिवार लिएर क्वाटरमा बस्न थाल्यो, निकै मोटायो, भेट्न मरिहत्ते गर्ने भीड छ, पत्नीको गहना बेचेर राजधानी पठाएको उसले भेट्न पाएन, कार्यालयमा चाकडी र चाटुकारकै हालीमुहाली छ (सापकोटा, २०६१, पृ.५०) । पाठले प्रजातन्त्र पूर्वको राजनीतिक कार्यकर्ताको ममुली हैसियत, प्रजातन्त्रको आगमनले ल्याएका शक्ति केन्द्रित आडम्बर, नागरिकको चाहनामाथि गरेको व्यापार, पजेरोलगायताका संस्कृति र उपभोक्तावादी चरित्रमा फसेको नेतृत्व, नागरिकलाई सपना बाँडेर राजनीतिमा लागेका तर भ्रुटको खेती गरेर मालामाल बनेका नेतृत्वभन्दा अभावमै बाँचेर पनि आफू स्वाभिमानी भएको गौरव बोध गरेको साधारण नागरिकको मनोविज्ञान देखाइएको छ । त्यसैले 'त्यहाँ पजेरो, प्राडो, आदि सारा संस्कृति, सभ्यता श्यामबहादुरका खुट्टामा छाँद हालेर बसेका थिए दया गरेर हामीलाई पनि जागाइदेऊ । जन्म लिइसकेका छौं भने प्रजातन्त्रमा हामीले पनि बाँच्न पाउनु पर्छ (पृ.४३)' जस्तो घृणित व्यक्तिवादी, सांस्कृतिक तथा राजनीतिक रूपले स्खलित, भ्रष्ट एवं चरम परिवारवादी मानसिकता राजनीतिमा फस्टाएको देखिन्छ । कर्मकाण्डले कमजोर मनोविज्ञानलाई अदृश्य पितृसत्तासँग साइनो जोडाउँछ र भावुक मनोदशामा पुऱ्याई तृप्तिको अनुभूति गराउँछ । नेपाली समाजमा पितृदेवोभव भनी पितृप्रतिको हार्दिकता प्रस्तुत गरिन्छ । यस्तो हर्दिकतालाई जोड्न अलौकिक शक्तिले सम्पन्न ठानी पुरोहितलाई उपल्लो दर्जामा राखिन्छ तर ऊ पनि यही इहलोकको भाव, अभाव, लोभ, लालच र हानी नोक्सानीको मनोदशामा बाँचेको हुन्छ । यसलाई ध्रुवचन्द्र गौतमले 'बाँस' कथामा प्रस्तुत गरेका छन् । खगेन्द्रप्रसाद लुइटेलले निर्माणात्मक अर्थ केन्द्रको परिधिमा रहेर 'ध्रुवचन्द्रको बाँस'को संरचनावादी पाठकीय प्रतिक्रिया प्रस्तुत गरेका छन् । वस्तु सङ्गठन, सहभागी व्यवस्था, दिक् तथा कालको सूक्ष्मता र सारकथनलाई निर्माणात्मक पाठकीय प्रतिक्रियाका रूपमा लुइटेलले प्रस्तुत गरेको देखिन्छ (लुइटेल, २०६१, पृ.७७) । आख्यान तत्व सूक्ष्म रहेका कारण आदि, मध्य र अन्त्यको स्थूलता प्राप्त नभए तापनि पुरोहित कर्ममा लागेको शिवराम, विष्णुरामको अभावबाट नेपाली समाजको रुग्ण आर्थिक चित्र यसमा प्रस्तुत भएको देखिन्छ ।

आगन्तुकले भन्यो-"कालीबाबूकाहाँ दुईजनाको मृत्यु हुनै आँटेको छ, तिमी तुरुन्तै हिँडिहाल ।"

विष्णुरामले सोध्यो-"कसको ?"

"उनका पिता र माताको । दुवैलाई तुलसीमोठमा सारी सके ।" आउनेले भन्यो-"पहिला त दसदान आदि गर्नु पर्यो,त्यसपछि...।"

विष्णुरामले आफ्नो बाबुतर्फ हेर्यो । बाबुले भन्यो यो त तिनीहरूको पुण्यको फल हो । दुवैसँगै जान आँटे । तँलाई पनि धर्म हुन्छ ।

यो भन्दा बाबुलाई पनि थाहा थियो, घरमा केही दिनदेखि व्याप्त रित्तोपन भरिन्छ (पृ.७३) ।

पुस्तादरपुस्ताका आर्थिक गतिविधि थप सङ्कटउन्मुख बनेको र मृत्युका सन्दर्भमा घरका रित्ताभाँडा सम्भिएर पुलकित हुनु परेको पुरोहितका समस्या कथाको आर्थी केन्द्र बनेको छ । अत्यन्त सर्वसाधारण नागरिकको जीवनमा घटेका घटना र त्यसको अन्तर्यमा लुकेर रहेको पीडालाई कलात्मक रूपले प्रस्तुत गर्ने ध्रुवचन्द्रको कथाकलाले यसमा पनि स्थान पाएको देखिन्छ । पुरोहित कर्म गरेर जीविकोपर्जन गर्ने व्यक्तिको परिवारमा दैनिक खर्चको जोहो पनि कठिन समस्या बनेर निम्तन्छ । यसैलाई कथाकार गौतमले 'अहिले तत्काल घरतिर जाँदाजाँदै ऊ सोचिरहेको थियो, बाबुको किरिया कुन पैसाले गर्ने (पृ.७५)' भनी बिट मार्ने सन्दर्भमा प्रस्तुत गरेका छन् । अभाव र गरिबीले मानिसलाई कतिसम्म मर्मान्तिक अवस्थामा पुऱ्याउँछ र समाधानका विकल्पमा मानिस कसरी गुम्सिएर तयारीमा जुट्छ भन्ने सन्दर्भलाई यसमा निकै सूक्ष्म रूपले समेटिएको छ ।

नेपाली समाजमा व्याप्त विकृतिको नग्न रूपलाई 'दुर्घटनामा न्याय' शीर्षक कथामा युमाले पाठकीय प्रतिक्रियामा प्रस्तुत गरेको देखिन्छ । नेपालमा राजनीतिक परिवर्तनले प्रदान गरेको प्रजातन्त्र नामक छाडा संस्कतिको विकृत रूप यस कथामा देखिन्छ । जसलाई मन लाग्यो उसलाई, जति बेला मन लाग्यो त्यतिबेला, ससाना विषयमा पनि सडक बन्द गर्ने छाडातन्त्र नेपालमा मौलाएर गएको सन्दर्भलाई गौतमले 'दुर्घटनामा न्याय' कथामा व्यक्त गरेका छन् । अन्योल र भ्रममा रुमल्लिएका नागरिक, राज्यद्वारा पालित पोषित विकृतिका कारक तत्व, विकृत परिस्थिति सिर्जना गरेर कमाउ धन्दामा लिप्त हुने राज्यका सुरक्षा निकायको घिन लाग्दो रवैया सबैलाई गौतमले यस कथाको आर्थी केन्द्र बनाएका छन् । '...प्रजातन्त्रको राष्ट्रिय चरित्रका रूपमा कथाकारले दुर्घटनामा न्यायमर्फत व्यक्त गरेका छन् । जहाँ क्रूर राजनीतिले सिर्जिएको अमानवीय एवं बर्बर यथार्थ स्थितिसँगको प्रत्यक्ष साक्षत्कार गर्न सक्तछ पाठकले' भनी तत्कालीन राजनीतिक अव्यवस्था र नागरिकमथि गरिएको शोषणलाई निर्माणात्मक प्रतिक्रियाका रूपमा प्रस्तुत गरिएको छ (पृ.११८) ।

आफ्नो गाडीबाट केही मिटर मात्र टाढा थिएँ, दुई जना मानिस कुरा गरिरहेको सुनियो । एउटाले भन्यो-"यसपालीको दशैं भव्य बित्ने भो ।"

अर्को मानिसले यताउती हेर्यो-"अनि घाइतेको उपचार नि ?"

-"कुन घाइने ?"

-"जुन दुर्घटनामा परेको थियो । जसका लागि हामीले यतिका गर्नुपर्यो । त्यो घाइते ।"

-"त्यो त हो ।" यतिन्जेल पहिलो मानिसले पनि मलाई देखिसकेको थियो । गम्भीर भएर भन्यो-"त्यो त हाम्रो प्रथम कर्तव्य हो (पृ.११७)"

राजनीतिले सिर्जना गरेको अन्योल, राज्यसत्ताले संरक्षण गरेका विकृतिका कारक, सोभ्रा नागरिकमाथि गरिएको शोषण जस्ता श्यामव्यङ्ग्यको सूक्ष्म प्रस्तुति यसमा छ ।

कथाकार ध्रुवचन्द्र गौतम अधिआख्यानका सफल प्रयोक्ता हुन् । आख्यानमा आएका कथा, पात्र आदिलाई जीवन्त मानवीय अस्तित्व दिएर प्रस्तुत गर्न यिनको शिल्प कलात्मक रूपले प्रयोग भएको हुन्छ । 'निरङ्कुश' अधिआख्यानको बेजोड बान्की हो । कथाको दुस्मनी पात्रसँग छ । कथाले पात्रलाई तुरुन्त मार्न लेखकसँग अनुरोध गरको छ तर पात्र मर्दा कथा पनि मर्छ यो कुरा कथालाई बताउँदा 'तिमीलाई आफ्नो अन्त्य मन्जुर छ ?, कथाको र मनुष्यको नियति नै यही भएपछि के गर्ने ? मानिसलाई पनि आफ्नो अन्त्य मन्जुर हुन्छ र ? तर के गर्ने मानिस आफ्नो अन्त्य खेजेर त हिँड्दैन ?(पृ.१२०)' भनी कथा र लेखकका बिचको श्यामव्याङ्ग्य शैली प्रस्तुत गर्छन् । अधुरा कथालाई अलपत्र छोडेर रिसको भोकमा मदिरा पान गरेर कथाकार बसेको छ । कथाकार मरणासन्न अवस्थमा पुगेको र मृत्युशैयामा छटपटिएका बखत कथाहरू पुन कथालाई सम्पन्न गर्न ललायित गर्छन् । लेखकलाई मृत्युको मुखबाट छुटाएर भए पनि जीवन दिने हैसियत प्रस्तुत गर्छन् । कथाकार पुलकित भएर कथा लेख्न बस्छ किनभने नजिकै रहेको मृत्यु पनि आफ्नो कथा लेखिने आशामा पालो कुरेर बसेको छ ।

अधुरा कथालाई समसामयिकतासँग जोडेर निर्माणात्मक पाठक प्रतिक्रिया प्रस्तुत भएको छ । नेपालको राज्यव्यवस्था, प्रशासन संयन्त्र, योजना तथा आयोजनमा हुने ढिलासुस्ती र तिनको अस्तव्यस्ततामा खेलेर राज्यको ढुकुटी दोहन गर्ने प्रवृत्ति यस कथाको आर्थी केन्द्र हो (थापा, २०७८, पृ.१२५) । कथाकारको कथालत मृत्युशैयासम्म पनि निरन्तर रहने, जीवनदान मिल्छ भने कथामा नै उत्साहका साथ अभिमुख हुने र मृत्यु स्वयंले पनि आफ्नो कथा लेख्ने पालो आउला कि भनेर कथाकारलाई मृत्यु दिन भुलेर बसेको विषयलाई अधिआख्यानात्मक रूपले यस कथाको आर्थी केन्द्र बनाइएको छ ।

निर्माणात्मक पाठकीय प्रतिक्रियाका केन्द्र पाठको निश्चयात्मक अर्थमा आधारित छन् । पाठले प्रभाव शेषका रूपमा छोडेका अर्थलाई अनुपस्थितिको अधिकताका कोणबाट भन्दा पनि उपस्थिति र निश्चयात्मकताको कोणबाट अधिक मात्रामा प्रस्तुत गरिएको छ । समसामयिक राजनीति, व्यक्तिमनका पीडा र घाउ, राज्यव्यवस्थाले सङ्रक्षण गरेका विकृति जस्ता बोध्य मानलाई पाठको आर्थी केन्द्रमा राखेर प्रतिक्रिया लेखिएको छ ।

**विनिर्माणात्मक प्रतिक्रिया**

पाठको केन्द्रीय एवं निश्चयात्मक अर्थका विपरीत पाठकले पाठीय सङ्केत व्यवस्थाका अनुपस्थितिको केन्द्रमा तयार गरेका अर्थका कोणबाट पनि यस कथासङ्ग्रहको समालोचना भएको छ । विशिष्ट पाठलाई विशिष्ट समालोचकले आफ्ना प्रभाव शेष प्रधान आर्थी निर्मितिको कोणबाट गौतमका कथाको विमर्श गरेका छन् । त्यस्ता कथा र तिनका बारेमा भएका विनिर्माण केन्द्री विमर्श यसप्रकार छन् : 'सन्यास कथा पढेपछि-मोहनराज शर्मा', 'नेपाली कथामा नौलो प्रयोग-हेल्लुस', 'विस्मयमा जीवित जीवाश्म-खुमनारायण पौडेल', 'अल्झोमा अल्झेका दैनन्दिनीहरू-लक्ष्मणप्रसाद गौतम', 'कथाको रूपान्तरण : कथान्त १,२-नेत्र एटम', 'काफ्काको कीरोसँग ध्रुवचन्द्रको बोको-रोशन थापा' ।

गौतम कथामा पाठकले आफ्ना तर्क पनि प्रस्तुत गरेर सहसर्जकको भूमिका खेल्न सकोस् भन्ने विषय प्रतिपादनको खुला शैली अपनाउँछन् । गाँठा वा अनिर्धारण प्रस्तुत गरेर कथाकारले पाठकलाई आफ्नो निकट सहभागी वा सहसर्जक बनाउने प्रयास गरेका छन् (शर्मा, २०७८, पृ.२६) । त्यसैले 'सन्यास' कथामा कृष्णदाससँग नाटकीय रूपले अर्धाङ्गिनी बनेकी युवती जसरी पनि लोग्ने चाहिने अवस्थामा किन पुगीको खुला तर्क विन्दु प्रतिपादन गर्छन् । आत्महत्या गर्न हिँडेकी युवती सम्पत्तिकी मालिक्नी बनेकी तर सन्यासिको सम्पति पाउने आशाले रोमाञ्चित प्रमोद गेरुवस्त्र धारण गरेर सन्यासीको अवस्थामा पुगेको छ । चरित्रलाई यथार्थ भूमिबाट टिपेर स्वैरकल्पनाको रङ भरेका कारण पाठका प्रभाव शेष हाम्रै समाजको प्रतिविम्ब हुन् । जीवनमा अपेक्षित अवस्था र भोगिदाको अवस्थाका बिचमा कुनै सम्बन्ध नै नहुने गरी विचलन देखा पर्छ । 'मानिस उसलाई सन्यासि ठानिरहेका थिए । ऊ भने बारम्बार वस्त्रको खल्तीमा भएका कागतहरू छान्दथ्यो र सोच्दथ्यो, मसित त्यस्ता कागतहरू छन् जसले मलाई अरबपति बनाउन सक्तथे, विचरा कागजहरू (पृ.२४)' को अवस्थामा प्रमोद पुगेको छ । घरबाट अरबपति हुने अपेक्षाले निस्किएको व्यक्ति अन्ततः सन्यासिको स्वरूपमा रन्थनिएर हिँडेको छ । जीवनप्रतिको श्यामव्यङ्ग्य प्रस्तुत गर्दा विसङ्गतिवादीले अपनाउने शिल्पको बेजोड नमुना यस्तै हुन्छ ।

मनका गत्यात्मक तहमा उत्पन्न विविध संवेग र त्यसले व्यक्तिका मानसिक जीवनमा पार्ने प्रभावका सन्दर्भमा यस कथासङ्ग्रहमा 'हेल्लुस' प्रकाशित छ । वैदेशिक रोजगारीले सिर्जना गरेका नारी मनका अतृप्ततालाई सूक्ष्म रूपले प्रस्तुत गर्न 'हेल्लुस' सफल देखिन्छ । काल्पनिक तथा भ्रमात्मक जन्तुको छनक दिने गरी हेल्लुस नियमित युवतीको शरीरमा सगबगाउँछ । त्यही सगबगाहटको अनुभूतिले पतिको वियोगमा परेकी युवती भ्रमात्मक रूपले यौनानन्दको अवस्थामा पुग्छे ।

त्यसपछि उसले बिस्तारो चोर औंलाले आफ्नो शरीरको बीणाको एउटा तार चलाई, सारा शरीर झनन्न गर्यो । शरीरभरि एउटा ध्वनि तलदेखि माथिसम्म कम्पित हुन थाल्यो । त्यसै बखत हो, उसले पहिला पटक हेल्लुसलाई देखेकी थिई (पृ.५३) ।

शरीरले भ्रमात्मक अवस्थामा काल्पनिक तबरबाट यौनको अनुभूति र तुष्टि पाएको अवस्था छ तर कुनै पनि सङ्केतले यहाँ यौनसमागम र त्यसको तुष्टि प्रक्रिया खिचेर प्रस्तुत गरेको देखिदैन । प्रभाव शेषको सन्दर्भबाट विनिर्माणात्मक रूपले यस पाठको पाठकीय प्रतिक्रिया तयार भएको छ । त्यसैले योनीलाई बुझाउन 'बीणाको तार' प्रयोग गरिएको छ (बराल, २०७८,पृ.६८) । आफ्नै शरीरका अङ्ग प्रयोग गरेर काल्पनिक तहमा पुगी वास्तविक रूपमा अनुभव गरिएको जस्तो यौनसमागमको अनुभूति विभ्रम हो । विभ्रम मनको गत्यात्मक अवस्थामा उत्पन्न भएको काल्पनिक तबरको आसक्ति हो । यसैको सहारामा नायिकाले हरेक चाहनालाई तुष्टि दिएकी छ । यौन समाजसँगको निश्चित परोक्ष सम्बन्धमा अभिव्यक्त र प्रकट हुने विषय हो । यस्तो परोक्ष सम्बन्ध व्यक्त गर्न यौन प्रतीकको प्रयोग गरिएको हुन्छ भने आस्वादनका तहमा पुग्दा यो विम्बात्मक बनेको हुन्छ । त्यसैले यौन प्रतीक साहित्यको अश्लीलतालाई प्रच्छन्न बनाई बढी अश्लील हुनबाट जोगाउने आधार हुन् (गौतम, २०६०, पृ.११३) । पाठकले सामान्यतया नायिकाले कुनै वहुरूपी चरित्रलाई साथ लिएर यौनतुष्टी लिएकी छ वा त्यस्तो चरित्र छ जसले प्रत्येक पटक फरकफरक वेशभूषामा यौनसमागमको सहकार्मी बन्छ भन्ने अर्थ बोध गर्छ । विनिर्माणात्मक पाठकीय प्रतिक्रियाका कोणबाट बरालले भ्रम एक प्रकारको मानसिक रोग हो र वास्तविक घटनाबाट भन्दा भ्रमबाट आनन्द लिने मानसिक गति यस्तो वस्वस्थामा तयार हुन्छ भन्ने प्रभाव शेषको विमर्श गरे ।

आख्यान तत्त्वलाई प्रतिवेदनको संरचनामा र विषयगत दृष्टिले जीवविज्ञानका कोणबाट चरित्रलाई प्रस्तुत गरिएको बेजोड कथा 'जीवाश्म' हो । जीवविज्ञानले जीवाश्मलाई पुरातात्त्विक महत्त्वको वस्तुलाई झैं खोतलेर जीवचक्रको इतिहास पुनर्निर्माण गर्छ । मानव र अन्य प्राणीको सहसम्बन्ध तथा पर्याचक्रमा आएका बदलावका कारण पत्ता लगाउन मद्दत गर्छ । यसैलाई परोक्ष रूपले सापट लिएर गौतमले वृद्धको सताब्दीउत्तर आयुबाट ऊ बाँचेको अर्थसामाजिक परिवेशको पुनिर्माणलाई श्याम व्यङ्ग्यको प्रभावकारी प्रयोग सहित प्रस्तुत गरिएको देखिन्छ । कथामा प्रस्तुत गरिएको यस्तो गुह्य विषय र जीवाश्म विज्ञानीले महत्त्वका साथ हेरे जस्तै सम्पन्न मुलुकले गरिब मुलुकको बिडम्बना अध्ययन गर्न चाहेर अनि देशले आम्दानीको स्रोत जुटाउने वृद्धको निर्यात व्यापार गर्न थालेको व्यङ्ग्य सशक्त रूपले आएको देखिन्छ ।

मैले सुदूरमा देखेको वनस्पति कुनै विदेशी वनस्पतिविद्ले रहर वा जिज्ञासावश सम्भवतः कुनै नेपालीलाई जानकारी नै नदिईकन त्यहाँ पुर्याएको हुनु पर्छ । कथाका वृद्धलाई भने स्वयं राष्ट्रले आफू ऋणमुक्त हुन अन्तर्राष्ट्रिय सङ्ग्रहालयमा पठाइएको छ । संयोग अनौठो छ (पौडेल,२०७८, पृ.८८) ।

नेपाल वृद्धवयका नागरिकमा धनी भएको र आम्दानीको स्रोत व्यवस्थापन गर्न नसकेका कारण व्यापार घाटा सन्तुलित बनाउन वृद्धवृद्धाकै निर्यात गर्ने अवस्थमा पुगेको रुग्ण आर्थिक स्थिति र चरम गरिबीलाई श्यामव्यङ्ग्यको तीखो गर्नु यस कथाको कथ्य हो । अर्थको यस प्रभाव शेषलाई विनिर्माणवादी कोणबाट खुमनाराणण पैडेलले 'विस्मयमा जीवित जीवाश्म' शीर्षकमा विमर्श गरेका छन् । सामान्य पाठकले जीवविज्ञानका महनीय पक्ष र तिनको वृद्धमानव निर्यातसँग कस्तो सम्बन्ध रहेको हुन्छ भन्ने अन्तर्विषयक पठन गर्न सक्तैन तर पौडेलले विनिर्माणवादी कोणबाट यस गुढार्थको पुनर्निर्माण गरेका छन् ।

वृद्ध भन्थ्यो-"मलाई भोकले प्रसन्नचित्त हुन सिकाएको हो ।"

-"कसरी ?"

-"अरु कुरा मैले जनिनँ । भोक मैले जानेदेखि सदैव सङ्गतमा रह्यो । पछि बिस्तारो त्यही मलाई वृत्तिभन्दा आत्मीय लाग्न थाल्यो । आत्मीयताका साथ सधैं प्रसन्न रहनु पर्छ । यो हाम्रो शास्त्रमा लेखिएको छ । यसरी । (पृ.८३)"

नेपालको गरिबी र गरिबीले दिएको पीडालाई वृद्धले दीर्घकालीन साधनाका साथ ग्रहण गरेको छ । त्यसैले उसमा प्रदीप्त ज्ञानले विदेशी लाभान्वित भएको र नेपालले व्यापार सन्तुलन मिलाएर लाभ लिएको स्थिति छ । राज्यलाई गरिएको श्यामव्यङ्ग्यको यो गतिलो रूप हो ।

विसङ्गतिवादी कथाकार जीवनका दैनन्दिन भोगाइमा पनि आख्यान तत्त्व देख्दछन् । जीवन विसङ्गत, निराशा, अर्थहीनता, असम्बद्ध भोगाइ र परिस्थितिको गठजोड हो । यसलाई ध्रुवचन्द्र गौतमले 'अल्झो' कथामा दैनिकीको ढाँचा दिएर प्रस्तुत गरेका छन् । झन्नै दैनिकीका रूपमा टिपोट गरिएका यस कथाका आइतवारदेखि शनिवारसम्मका घटनामा समान्य पाठकले आख्यान तत्त्व प्राप्त नर्गन पनि सक्तछ तर लक्ष्मणप्रसाद गौतमले विनिर्माणात्मक पाठकीय प्रतिक्रिया प्रस्तुत गरी मानवीय जीवनका विसङ्गत पक्ष, त्यसले नियमित जीवनमा पारेको उल्झन र विरक्त बचाइको समष्टिबाट विसङ्गति बोध चित्रण गरेका छन् ।

तरङ्गहरू एकपछि अर्को आउँछन् र छुट्छन्, छुट्दै जान्छन् र फेरि आउँछन् । मान्छे यस्तै तरङ्ग, परिस्थिति, परिवेश र समयचक्रका जालझेलका झालहरूमा अल्झिरहेको हुन्छ । समयको अल्झो, अभावको अल्झो, पीडको अल्झो, विसङ्गतिको अल्झो, सोचाइका अनेकौं तरङ्गका अल्झाहरू (गौतम, २०७८, पृ.९९) ।

मानिसका मानसतहले अनुभूत गरेका यिनै विविधताको समष्टि जीवन हो । अपेक्षित परिणामको आशामा हुन्छ तर अनपेक्षित परिस्थिति हात लाग्छ । प्रत्येक दिनका, प्रत्येक महिनाका, प्रत्येक वर्ष र कालन्तरसम्म यस्तै नियमितता भोगेर बाँच्न बाध्य हुन्छ । शून्यमा विलिन हुने प्याजका पत्रदल जस्तै खोतल्दै जाँदा सार प्राप्त नहुने अल्झाका कारण जीवनको सुस्वादु पल प्राप्त नहुने विकृत चिन्तन यस कथाको प्रभाव शेष हो ।

राजनीति पवित्र उद्देश्यले थालिएको तर स्वार्थच्युत प्रवृत्तिका कारण विकृत खेलमा परिणत भएको अहिलेको वस्तविकता हो । यसलाई कथाकार गौतमले 'कथान्त:१,२' मा निकै सूक्ष्म र श्यामव्याङ्ग्यात्मक रूपले प्रस्तुत गरेका छन् । सताब्दीको अन्त्यमा भोज आयोजना भएको छ । समाख्याता वलरामको खोजीमा सबैका सामू पुग्छ तर कसैले बलरामलाई चिनेको प्रतिक्रिया दिन्नन् । सबै पार्टीमा लट्ठिएका छन् । मादकताले झुमेका छन् । समाख्याता स्वयं बलराम हो तर उसले आफूलाई पनि चिन्न सकेको छैन र उसलाई अरुले पनि मादकताको तालमा चिन्न सकेका छैनन् । राजनीतिक तेतृत्व यस्तो दिवालियामा फसेको छ । चरम श्यामव्यङ्ग्यको प्रयोगले

यस कथाको आख्यान तत्त्व बुनिएका छ । अर्थको प्रभाव शेषका रूपमा नेत्र एटमले यसमाथि विनिर्माणात्मक पाठकीय विमर्श प्रस्तुत गरेका छन् ।

उसले उत्तर दियो-"बलराम त मै हुँ । मैले नशाको समयमा एकैछिनलाई बलराम अरु कोही हो भन्ठानें । सेकेन्डपछि त्यो गयो । मैले सोचें, यही क्षणको वास्तविकता लिएर म किन नघुमूँ ? म हेर्न चाहन्थें, आफैंमा डुबेको भीडमा कुनै एकले पनि मलाई चिन्छ कि चिन्दैन ? (पृ.१०६)"

आफैं भोजमा सामेल हुने, मादकतामा डुब्ने र आफ्नै परिचयका निम्ति अर्काका सरणमा पर्ने स्वभाव कथावाचकले देखाएको छ । यो आजको विकृत राजनीतिक नेतृत्वको स्खलित पहिचान र विलिन व्यक्तित्वका विषयमा गरिएको विपर्यास हो । कथावाचक जस्ता निमित्त नायकहरू परिवार, समाज र देशकै विघटनका लागि जिम्मेवार छन् र तिनीहरू कथित बलराम बनेर अर्थहीन जीवन बाँच्ने क्रम चलिरहेको छ (एटम, २०७८, पृ.१११) । हामीले देखेका र आदर्श मानेका व्यक्तिका पहिचान शून्य अवस्थालाई बौद्धिक तबरले प्रहार गर्न यो कथा सफल देखिन्छ । आफन्त र चिनारुका माझ नै आफू नचिनिने अवस्था आउनु अस्तित्व नामेट हुनु हो । यस्ता नामेटबाट शासित हुन हामी अभिषप्त छौं ।

गौतम उत्तरपाठलाई आख्यान तत्त्वका रूपमा प्रस्तुत गरी वैचारिकी प्रभाव छोड्न सफल कथाकार हुन् । विश्वप्रसिद्ध आख्यानकार काफ्काको कायाकल्प ( मेटामर्फोसिस)ले प्रस्तुत गरेको विसङ्गत जीवनको विश्वव्यापी सान्दर्भिकतालाई 'काफ्काको कीरो वधशालामा' कथामा अत्यन्त सशक्त कला दिएका छन् । काफ्काको ग्रेगोर कीरोमा रूपमान्तर भएको कथ्य गौतमकोमा कसरी वधशालामा पुग्यो भन्ने पाठकीय जिज्ञासा शीर्षकबाट उत्पन्न हुन्छ । यसलाई विनिर्माणात्मक पाठकीय प्रतिक्रियाका आधरमा रोशन थापाले प्रस्तुत गरेका छन् । गौतम आत्माको सार्विक उपस्थितिलाई सर्वस्वीकार्य मान्यताका रूपमा प्रयोग गरी गिरीशलाई पनि कीरो बनाउने हेतुमा छन् । अधिआख्यानात्मक तहमा गरीशका आफन्त कीरो बनाउन सहमत पनि भएका छन् तर लेखकले नै कीरोमा प्रयत्न गर्दा गर्दै पनि बोकोमा परिणत हुन्छ । युगीन परिवेशले आशाको सञ्चार गराउन नसकेको अवस्थामा गौतमले गिरीशलाई बोको बनाए र बोको बनाएकामा परिवारजन पनि हर्षित भए । बाको काटिन योग्य अनुभव हुन्छ । मान्छे भएर काम नलाग्ने भएका गिरीश बोको भएर काम लाग्ने भयो (थापा, २०७८, पृ.१३५) । विकृतिले गाँजेको मानवको जीवन अर्थहीन त यसै पनि छ नै अन्त्यको मात्र भए पनि कुनै प्रयोजन होस् भनेर दसैंको मुखमा गिरीशलाई बोको बनाइएको छ ।

अन्य सारा प्रियजन बोको खिरिलो भएको, भाकल पूरा भएको र दशैंको मुखमा फेला परेको कुरा गरिरहेका थिए । कति किलो होला भनिरहेका थिए । लेखकको मनको खिन्नता र प्रश्न बेग्लै थियो । तिनीहरू वास्तवमा कसलाई डोऱ्याएर लगिरहेका थिए ? गिरीशलाई, ग्रेगोरलाई, पुरानो युगको त्यही कीरालाई कि दसैं टारिदिने एउट निखुर कालो बोकोलाई (पृ.१३४) ?

जीवनको यति भयावह, विद्रुपात्मक र त्रासदीपूर्ण सङ्कटलाई गौतमले वैचारिकीको सघन प्रयोग सहित लेखे । मानवका त्रासदीको यति विसङ्गत र कलात्मक चित्रण सूक्ष्म एवं मिहिन रूपले गर्न सक्नु नै गौतमको क्षमता हो ।

## निष्कर्ष

साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण कथाकार ध्रुवचन्द्र गौतमका कथासिर्जनामाथि पाठकीय प्रतिक्रिया समेत समाविष्ट गरिएको कथासङ्ग्रह हो । कुल बाह्ओटा कथामाथि प्रबुद्ध पाठक एवं समालोचकले आफ्ना गहिरो प्रतिक्रिया पनि दिएका कारण सिर्जना र गम्भीर अध्येता दुवैको प्रभाव प्राप्त हुने गरी यसको संरचना तयार गरिएको छ । ध्रुवचन्द्र गौतम नेपाली आख्यान (कथा, उपन्यास) विधाका अग्रणी प्रतिभा हुन् । यसका अतिरिक्त नाटक (पूर्णाङ्की, एकाङ्की) विधामा पनि यिनको कालजयी प्रभाव र प्रवृत्ति स्थापित छ ।

साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण बाह्ओटा कथामाथि गरिएको पाठकीय प्रतिक्रियाको समष्टि हो । स्थापित समालोचक र पाठकले यसका पाठमाथि आफ्ना दृष्टिकोण प्रकाशित छन् । मुख्यतः निर्माणात्मक र विनिर्माणात्मक कोणबाट यस सङ्ग्रहका पाठमा प्रतिक्रिया प्रस्तुत भएका छन् । निर्माणात्मक प्रतिक्रिया दिनेमा गणेशबहादुर प्रसाईं, सनत रेग्मी, ध्रुव सापकोटा, खगेन्द्रप्रसाद लुइटेल, युमा र किशन थापा रहेका छन् । पाठले प्रस्तुत गरेका सारवस्तुमूलक आर्थी केन्द्रलाई निश्चयात्मक कोणबाट प्रस्तुत गरिएका यी प्रतिक्रियाले तत्कालीन राजनीतिक बेथिति, गरिबी र अभावले सिर्जना गरेका व्यक्ति मनका मनोदसा, नेतृत्वले सङ्क्षण गरेका आपराधिक गतिविधिका मतियारका कारण सर्वसाधारण नागरिकले भोग्नु परेको व्यथा चित्रण छ । श्यामव्यङ्ग्यलाई प्रस्तुतिको मौलिक बान्कीमा प्रस्तुत गरिएका तत्तत् पाठकका प्रतिक्रिया सम्बद्ध पाठ ध्रुवचन्द्र गौतमलाई नेपाली यथार्थ जीवनका रुग्णतामा केन्द्रित कथाकारका रूपमा स्थापित गर्ने प्रमाण हुन् । विनिर्माणात्मक कोणबाट पाठकीय प्रतिक्रिया दिनेमा मोहनराज शर्मा, कृष्णहरि बराल, लक्ष्मणप्रसाद गौतम, नेत्र एटम र रोशन थापा छन् । यिनले पाठको निश्चयात्मक तथा एकात्मक अर्थ केन्द्रलाई पुनर्निर्माण गरी प्रभाव शेष प्रस्तुत गरेका छन् । जीवनको विकृत र दुर्दान्त अवस्था, यौनलाई भ्रमात्मक अवस्थामा भोगेर तुष्टि लिनु पर्ने व्यक्ति मनका दसा, अर्थहीन जीवन बचाइ र त्यसका समष्टिमा घिस्रिदै हिडेको यथार्थ, राजनीतिक नेतृत्व मूल्यहीन र पत्र बनेको अवस्था, विसङ्गतिका कारण मान्छे अस्तित्वहीन भई परिवारको नजरमा पनि उपभोग्य वस्तुमा परिणत भएको दुर्दशा जस्ता आर्थी प्रभाव शेष प्रस्तुत गर्न सफल देखिन्छन् । समग्रमा गौतम समसामयिक परिवेशबाट टिपिएका र सामान्य मानिएका आख्यानलाई पनि श्यामव्यङ्ग्यको शैली प्रयोग गरी पाठकलाई मनै दिगमिग गराएर यथार्थ बोध गराउने कथाकार हुन् ।

## सन्दर्भ सामग्रीसूची


अब्राम्स, एम.एच् र हार्फम, जोफ्री गाल्ट (सन् २०१५), अ ग्लोसरी अफ लिटरेरी टर्म्स, न्यु दिल्ली : सिन्गेज लर्निङ ।

उप्रेती, सञ्जीव (२०६८), सिद्धान्तका कुरा, काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

उप्रेती, सञ्जीव (२०७८), सिद्धान्तका कुरा, चौ.संस्क., काठमाडौं : बुकहिल पब्लिकेसन प्रा. लि. ।

एटम, नेत्र (२०६१), समालोचनाको स्वरूप, ललितपुर : साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद (२०६०), 'नेपाली यौनकथामा प्रयुक्त यौनप्रतीकहरू', मधुपर्क यौनकथा अङ्क (३६,४,४११), पृ.११२-१२६ ।

गौतम, लक्ष्मणप्रसाद (२०७८), 'अल्फ्रोमा अल्फिएका दैनन्दिनीहरू', साठीवर्षमा हृदयाघात तथा कथादृष्टिकोण, दो.संस्क., ललितपुर : साझा प्रकाशन ।

गौतम, ध्रुवचन्द्र (२०७८), साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, दो. संस्क., ललितपुर : साझा प्रकाशन ।

गौतम, कृष्ण (२०७१), उत्तरसिद्धान्त, काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन ।

थापा, रोशन (२०७८), 'काफ्काको कीरोसँग ध्रुवचन्द्रको बोको', साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, दो.संस्क., ललितपुर : साझा प्रकाशन ।

थापा, किशन 'अधीर' (२०७८), 'निरङ्कुश कथामा समसामयिकता', साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, दो.संस्क., ललितपुर : साझा प्रकाशनप्रसाईं, गणेशबहादुर (२०७८), 'साठी वर्षमा हृदयाघातको पृष्ठकथा', थापा, रोशन (सम्पा.), साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, ललितपुर : साझा प्रकाशन ।

पौडेल, खुमनारायण (२०७८), 'विस्मयमा जीवित जीवाश्म', थापा, रोशन (सम्पा.), साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, दो.संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि (२०७८), 'नेपाली यौनकथामा नौलो प्रयोग हेल्लुस', थापा, रोशन ( सम्पा.), साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, दो.संस्क., ललितपुर : साझा प्रकाशन ।

युमा, (२०७८), 'दुर्घटनामा न्याय मेरो दृष्टिमा', थापा, रोशन (सम्पा.), साठी वर्षमा हृदयाघात र कथादृष्टिकोण, दो. संस्क., ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद (२०५३), मनोविश्लेषणात्मक समालोचना समसामयिक कथा खण्ड, ललितपुर : साझा प्रकाशन ।

रेग्मी, सनत (२०७८), 'मुक्ति कथा जस्तो मैले बुझें', थापा, रोशन (सम्पा.), साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०५७), आधुनिक नेपाली समालोचना, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०७८), 'ध्रुवचन्द्रको बाँस', थापा, रोशन (सम्पा.),साठी वर्षमा हृदयाघात तथा कथादृष्टिकोण, ललितपुर : साझा प्रकाशन ।

श्रीमद्भागवतगीता (सन् २००१), वाराणसी : श्री दुर्गासाहित्य भण्डार ।

सापकोटा, ध्रुव (२०७८), 'उक्लेको कथाको प्रतिक्रिया', थापा, रोशन (सम्पा.), साठी वर्षमा हृदयाघात र कथादृष्टिकोण, ललितपुर : साझा प्रकाशन ।

सापकोटा, विष्णु (२०७९), कान्तिपुर, शनिवारे परिशिष्टाङ्क, कोसेली (साउन, १४), पृ. क ।